स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सन् २०२१ को ब्लकबस्टर तेलुगु फिल्म 'पुष्पा'को सिक्वेल यही मंसिर २० गते अर्थात् डिसेम्बर ५ बाट प्रदर्शनमा आउँदैछ। 'स्योर सट ब्लकबस्टर' मानिएको 'पुष्पा २' को आइतबार ट्रेलर सार्वजनिक गरिएको छ। भारतको पटनास्थित गान्धी मैदानमा आयोजित भव्य समारोहबीच सार्वजनिक २ मिनेट ४८ सेकेण्ड लामो ट्रेलर धमाकेदार देखिन्छ। रक्तचन्दन काठको व्यापारमा ठूलो साम्राज्य खडा गरेको पुष्पराज लडाइँलाई ट्रेलरलाई जबर्जस्त रुपमा देखाइएको छ।

**आजको विचार...**



प्रकाश नेपाल

अन्तर्वार्ता...
(दुई पेजमा)



रेक प्रकारका चरित्रलाई विश्वसनीय बनाउने सामर्थ्य विरलै अभिनेतासँग हुन्छ। विपिन कार्की त्यो खुबी भएका अभिनेता हुन्। उनी चरित्रमा यसरी बाँच्छन्, मानौं त्यो उनले नै भोगेको जीवन हो। यसैले त उनी जुन चरित्रमा पनि प्रभावकारी र जीवन्त लाग्छन्। बाह्य र अन्तरिक दुवै रुपमा चरित्र निर्माणमा मिहिनेत गर्ने उनले अभिनयबाटै दर्शकको विश्वास जितेका छन्। विपिनको मुख्य भूमिका रहेको नयाँ फिल्म 'तेल भिसा' यही मंसिर ७ गतेबाट प्रदर्शनमा आउँदैछ।

❒ वर्ष ३० ❒ अंक ११६ ❒ २०८१ मंसिर ४ गते मंगलबार 19 November 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## इजरायली हमलामा ६ को मृत्यु

(रासस/एएफपी)

**बेरूत(लेबनान),** मंसिर ३/मध्य बेरुतमा आइतबार भएको दुई इजरायली आक्रमणमा छ जनाको मृत्यु भएको लेबनानले जनाएको छ । हिज्बुल्लाहले मृतक मध्यमा आफ्ना प्रवक्ता समेतरहेको पुष्टि गरेको छ । गत सेप्टेम्बर-२३ मा पूर्ण युद्ध सुरु भएदेखि इजरायलले बेरुतको दक्षिणी उपनगर, हिजबुल्लाहको गढमा निरन्तर आक्रमण गरिरहेको छ भने मध्य बेरुतमा तुलनात्मक रुपमा कम आक्रमणहरू भएका छन् । बेरुतको रास अल-नबा जिल्लामा भएको पहिलो आक्रमणमा हिजबुल्लाहको मिडिया प्रमुख मोहम्मद अफीफसहित चार जनाको मृत्यु भएको हिजबुल्लाह तथा इजरायली सेनाले जनाएको छ । मार इलियासमा भएको दोस्रो आक्रमणमा दुई जनाको मृत्यु हुनुका साथै २२ जना घाइते भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । आधिकारिक राष्ट्रिय समाचार एजेन्सीले इजरायलले मार इलियास क्षेत्रमा आक्रमण गर्दा उक्त स्थानमा द्वन्द्वबाट विस्थापित मानिसहरू पनि रहेका थिए । आक्रमणमा जलेको तीव्र गन्धको बिचमा विस्फोट र साइरनको आवाज सुनिएको जनाउदै एएफपीले घटनास्थलमा आगो लागेको र अग्नि नियन्त्रकहरुले नियन्त्रण गर्ने प्रयास गरिरहेको देखाएको छ । लेबनानी सुरक्षा स्रोतले नाम नछाप्ने सर्तमा आक्रमणले इलेक्ट्रोनिक्स स्टोर र गाडीमा प्रहार गरेको जनाएको छ ।

# लोकतान्त्रिक आन्दोलनका अभियन्ता ढुंगानाको अवसान

## देशलाई ठूलो क्षति

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर ३/नेपालको लोकतान्त्रिक आन्दोलनको एक अभियान्ता एवं पूर्वसभामुख दमननाथ ढुंगाना ८३ वर्षको उमेरमा अस्ताएका छन् । लोकतान्त्रिक गणतन्त्र स्थापनामा महत्वपूर्ण योगदान दिएका ढुंगानाको आइतबार निधन भएको हो । कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत पूर्वसभामुख ढुंगानाको पुरानो फ्रन्टलाइन अस्पताल काठमाडौमा आइतबार दिउँसो निधन भएको थियो । शान्ति र लोकतन्त्रका पक्षपाति ढुंगानाको सोमबार दिउँसो पशुपति आर्यघाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ ।

अन्त्येष्टिका क्रममा नेपाली सेनाको एक टुकडीले दिवंगत ढुंगानाको सम्मानमा सलामी अर्पण गरेको थियो । ढुंगानाको पार्थिव शरीरमा उनका छोराहरुले दागबत्ती दिएका थिए । ढुंगानाका सम्मानमा १७ तोपको सलामीसमेत दिइएको थियो । पूर्वसभामुख ढुंगानाप्रति श्रद्धाञ्जली अर्पण गर्न देशका विशिष्ट व्यक्तित्वहरु तथा सर्वसाधारण आर्यघाट पुगेका थिए । २०४६ सालमा प्रजातन्त्र पुन:स्थापना भएपछि निर्वाचित पहिलो प्रतिनिधिसभाका सभामुख ढुंगानाको




असामयिक निधनले ठूलो क्षति पुर्‍याएको छ । नेपालमा संसदीय अभ्यासको प्रवर्द्धन, मानव अधिकारको रक्षा र शान्ति प्रक्रियामा महत्वपूर्ण योगदान पुर्‍याएका भएका स्व. ढुंगानाको निधनले राष्ट्रलाई अपूरणीय क्षति पुगेको राजनीतिक दलका शिर्ष नेताहरुले बताएका छन् । उनलाई नेपालको लोकतान्त्रिक आन्दोलनको एउटा ऐतिहासिक व्यक्तित्वको रुपमा नेपाली जनताले सधैँ सम्झिराख्ने छन् । नेपालमा बहुदलीय व्यवस्था, लोकतन्त्र, शान्ति र मानवअधिकारका पक्षमा जीवनपर्यन्त वकालत गरिरहेका ढुंगानाले मुलुकमा विगतको माओवादी सशस्त्र द्वन्द्व अन्त्य गरी शान्ति बहाली गर्नसमेत महत्वपूर्ण भूमिका निर्वाह गरे । राजनीतिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिबारे स्पष्ट र खरो रुपमा प्रतिक्रिया दिँदै आएका उनी संविधान तथा कानुनका ज्ञाता थिए । विसं २०४८ मा काठमाडौँ निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि उनी प्रतिनिधिसभाको सभामुख बनेका थिए ।

नेपालको संसदीय व्यवस्था र प्रजातान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्न उनको योगदान छ । 'संसदीय प्रणालीमा सरकार सत्तापक्षको हुन्छ, संसद् प्रतिपक्षको' भन्ने सैद्धान्तिक मान्यतालाई पहिलोपल्ट नेपालको संसद्मा प्रवेश गराउने उनी पहिलो सभामुख थिए । जतिबेला उनी सभामुख थिए, पार्टीको स्वार्थभन्दा माथि उठे अनि संसदीय र संवैधानिक मूल्यमान्यताबाट दायाँबायाँ नगरी भूमिका निर्वाह गरे ।

**ढुंगानाको निधनमा सार्वजनिक बिदा:** पूर्वसभामुख ढुंगानाको निधनको शोकमा सरकारले सोमबार सार्वजनिक बिदा दिएको थियो । सोमबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको थियो । त्यस्तै ढुंगानाको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गर्ने पनि सरकारले निर्णय गरेको छ ।

**-बाँकी अन्तिम पेजमा...**

## आज मंगल चौथी व्रत, गणेशको पुजा गरिदैं



**पाल्पा,** मंसिर ३ / आज मंगलवारलाई भगवान् गणेशको दिनको रूपमा मान्ने चलन छ । भगवान् गणेशको जन्म तिथि चतुर्थी पर्ने भएकाले आजको दिनलाई मंगल चौथी भनेर विशेष पूजा आराधना गरेर मनाइने चलन रहेको छ ।

मंलबार भगवान् गणेशको व्रत बस्ने व्रतालुहरूले आजकै शुभ दिनबाट व्रत प्रारम्भ गर्छन् । भगवान् गणेश शुभ फल प्रदान गर्ने देवताको रूपमा चिनिन्छन् ।

आजको दिन श्रद्धापूर्वक गणेशको व्रत लिनाले गणेश भगवान् प्रसन्न भएर व्रतालुहरूलाई चिताएको फल प्रदान गर्ने धार्मिक मान्यता छ । यस दिन गणेशको व्रत बस्दा धनदेखि मनले चिताएको सम्पूर्ण पूरा हुने विश्वास गरिन्छ ।

**-बाँकी अन्तिम पेजमा...**

## भण्डारी समाज नेपालको केन्द्रीय सदस्यमा पाल्पाका शंकर निर्वाचित

**पाल्पा,** मंसिर ३/सामाजिक, राजनीतिक व्यक्तित्व तथा युवा नेता शंकर भण्डारी धनञ्जय गोत्रीय भण्डारी समाज नेपालको केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । नवलपरासीको गैंडाकोटमा भएको समाजको चौंथो राष्ट्रिय महाधिवेशन तथा नवौं साधारण सभाले पाल्पाका भण्डारीलाई केन्द्रीय सदस्यमा निर्वाचित गरेको हो ।

गाउँ-जिल्लातहदेखि केन्द्रसम्म नै भण्डारी बन्धुहरुलाई एकवद्ध बनाई उनीहरुको सुख, दुखमा महत्वपूर्ण भूमिका खेल्दै आएकै कारण भण्डारी केन्द्रीय सदस्यमा पुग्न सफल भएका हुन् । जिल्लामा एक असल सामाजिक र राजनीतिक छवि बनाएका उनी समाजको केन्द्रीय सदस्यमा निर्वाचित भएसँगै एनजेडीसँगको कुराकानीमा भण्डारी बन्धुहरुलाई थप संगठित र एकिकृत बनाएर लैजाने दिशामा आफु कटिवद्ध भएर लाग्ने बताएका छन् । उनले भण्डारी समाज कुनै राजनीतिक संगठन नभई विशुद्ध पारिवारिक बन्धुहरुको संगठन भएको उल्लेख गर्दै देशभर छरिएर रहेका बन्धुहरुलाई एक शुत्रमा ल्याउने र





बन्धुत्वको भावना समाजमा फैलाउन आफुहरु क्रियाशिल भएर लाग्नेमा जोड दिए । भण्डारीले भने 'भण्डारी बन्धुहरु देशका विभिन्न ओहोदामा हुनुहुन्छ र कोही मुलुक परिवर्तनका लागि महत्वपूर्ण योगदान दिएका व्यक्तिहरु हुनुहुन्छ तर हामीले उहाँहरुको पहिचान गर्न सकिरहेका छैनौं, अब हाम्रो प्रयास ति बन्धूहरुको पनि खोजी गर्नु हो ।' उनले भण्डारीको खोजीसँगै धनञ्जय गोत्रीय भएका अन्य थरका मानिसहरुलाई समेत समेटेर संगठन बनाउने योजनामा आफु लाग्ने समेत बताए । भण्डारीले भने'देशभर रहेका ५१ थरका ४० प्रतिशत मानिसहरु धनञ्जय गोत्रीयका हुनुहुन्छ, उहाँलाई पनि एक ठाउँमा ल्याई सांस्कृतिक, सामाजिक र नैतिकवान बनाउने अभियानमा हामी लाग्ने छौं ।' अधिवेशनको तनुहँबाट निर्वाचित संघीय सांसद शंकर भण्डारीले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि भण्डारीले देश विकासमा भण्डारी बन्धुहरुको समेत महत्वपूर्ण योगदान रहेको उल्लेख गरे । उनले समाज र राष्ट्रलाई असल मार्गमा हिडाउन भण्डारी बन्धुहरु एकवद्ध हुनु पर्नेमा जोड दिए । सांसद भण्डारीले पूर्खले जस्तै समाजमा असल कर्म गरेर देखाउन भण्डारी बन्धुहरुलाई आग्रह समेत गरे । हाल देशभर ६ लाख ४६ हजार धनन्जय गोत्रिय भण्डारीहरु रहेको पाइन्छ । उनीहरुको नेतृत्व गर्दै ७ सय भण्डारीहरुले अधिवेशनमा भाग लिएका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विश्व शौचालय दिवसको सन्दर्भ

प्रत्येक वर्ष १९ नोभेम्बरमा सरसफाइका लागि शौचालयको महत्वबारे जागरुक गराउन विश्व शौचालय दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । खासगरी आजको दिनलाई सुरक्षित सरसफाइको व्यवस्था नभएको समुदाय र ठाउँलाई लक्षित गरी विभिन्न कार्यक्रम गर्ने गरिन्छ । शौचालयको सरसफाइ कायम राख्नुको अर्थ विभिन्न संक्रमणबाट बच्नु हो । किनभने धेरै रोगजन्य कीटाणु शौचालय सिट,फ्लसिङ बटन र वरपर रहेका वस्तुमा रहने गर्छन् ।

जब ती सूक्ष्मजीव छाला, नाक, मुख वा आँखामा हावाको माध्यमबाट पुग्छन् त्यसले धेरै प्रकारका संक्रमण निम्त्याउँछन् । यस्ता संक्रमणले गम्भीर रूप पनि लिन सक्छन् । त्यसैले शौचालय वा सरसफाईको अभावले मानिसको जीवनयापनमा पुऱ्याउने असरमा केन्द्रित रहेर हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । विश्वव्यापी दीगो विकासको लक्ष्य अन्तर्गत सन् २०३० सम्म हरेक व्यक्तिको शौचालयमा पहुँच पुग्ने लक्ष्य तय गरिएको छ । राष्ट्र संघका अनुसार विश्वका साढे ३ अर्ब मानिस अझै पनि शौचालयको सुविधाबाट बञ्चित छन् । त्यसमध्ये ४१ करोड ९० लाख मानिस त अझै पनि खुला स्थानमा दिसापिसाव गर्छन् । खुला दिसापिसावका कारण फैलने रोगले दैनिक १ हजार बालबालिकाको मृत्यु हुने गरेको छ । नेपालले १९ असोज २०७६ मा खुला दिसामुक्त र पूर्ण सरसफाईमा अग्रसर राष्ट्रको रुपमा आफुलाई घोषणा गरे पनि त्यसले मूर्तरुप लिन सकेको छैन । नेपालमा अझै पनि ४.५ प्रतिशत अर्थात् ३ लाख १ हजार ४ सय ९० मानिस शौचालयको पहुँच बाहिर रहेको विश्व स्वास्थ्य संगठनको तथ्यांकले देखाएको छ । हचुवाको भरमा खुला दिशामुक्त घोषणा गर्दा अहिले पनि आमनागरिकले समस्या झेल्नु परेको छ ।

नेपालका धेरै जिल्ला खुला दिसामुक्त घोषणा भए पनि कार्यान्वयमा यो लागू हुन सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । खुला दिसामुक्त घोषणा हुनु स्वास्थ्य,सरसफाई र मानव सभ्यताको हिसाबले महत्वपूर्ण उपलब्धि भए पनि त्यसको कार्यान्वयन नहुनुले त्यसको कुनै अर्थ राख्दैन । यसर्थ खुला दिशामुक्त भएका जिल्लाहरुलाई सफल कार्यान्वयनको दिशामा अगाडि बढाउन तीनै तहका सरकार, दातृ राष्ट्र तथा निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था र समुदायको साझेदारी,सहयोग र सहकार्य हुन सके मात्र विश्व शौचालय दिवसले साथर्कता पाउन सक्छ ।

## Opinion @ Social Network

थाह छ हजुर, केही पाउन को लागि केही गुमाउन पर्छ,
तर खुट्टै गुमाएर जुत्ता पाउनुको केही अर्थ छ र ? ।
*(सोनि आलेको फेसबुक स्टाटस https://www.facebook.com/Soni.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अन्तर्वार्ता सत्ता रोहणको लिस्नो त होइन ?



प्रकाश नेपाल
prakashnepal014@gmail.com

पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारतिय अखबार द हिन्दुमा अन्तर्वार्ता प्रकाशित भएपछि पुन: शीत युद्धको थालनी भएको छ । विशेषत: प्रधानमन्त्री चिन भ्रमणको विषयको उठान नै हो । जब माओवादी अध्यक्ष समेत रहेका दाहालको कुरा बाहिर आएपछि नेकपा एमालेको विदेशी विभाग रघुविर महासेठले खण्डन गर्दै विज्ञप्ति नै निकाले । एमालेले हतार-हतार गरेर विज्ञप्ति जारी गर्नु त भारतसँग सामान्तर सम्बन्ध छ भन्ने देखाउनका लागि मात्र हो । सत्ता स्वार्थका कारण विदेशीको छाया नेपालमा पर्नु हाम्रा लागि नयाँ र नौला विषय भन्ने होइन् । विषेश गरी भारतसँग यस्ता समस्याले जेलिरहेको छ । तीन-तीन पटक प्रधानमन्त्री भएका व्यक्तिले नेपाल भारत सम्बन्ध सिमाना जस्तो महत्वपूर्ण कुरामा राष्ट्र र राष्ट्रियता भन्दा तल ओर्लिएर भारतिय अखबारमा अन्तर्वार्ता दिनु भनेको अत्यन्तै लज्जाजनक भएको मानिन्छ । हुन त जब भारतिय प्रधानमन्त्री नरेन्द्र मोदीको उदय भयो । त्यस समयमा दाहाल दिल्ली गएका थिए प्रधानमन्त्री कै हैसियतमा । त्यति बेला काँग्रेससँगको गठबन्धन सरकारलाई नै भारतले निरन्तता दिने कुरा मोदीले सुनाएका थिए । तर नेपालको राजनैतिक उल्टो धारबाट बग्यो ।

अमेरिकाको संकेतबाट सत्ता परिवर्तन भयो । सत्ता परिवर्तनको सवालमा भारत नेपालसँग खुसी नै छैन् । ओलीसँग भारत दुई ,तीन कुरामा नराम्रोसँग मन दुखाएका कारण भारत भ्रमणको निम्तो नदिदा ओलीले चिनबाट राजकिय भ्रमणको थालनी गरेको विषय केन्दित भएर ओलीको कुरो भारतलाई लगाउनु भनेको भारतलाई भनेर पुन: आफु प्रधानमन्त्री बन्ने दाउ मात्र हो दाहलको । हुन पनि नेपाल एउटा स्वतन्त्र राष्ट्र भने पनि यहाँ स्वतन्त्रका साथ राज्य संस्था चलेन । २०४६ सालपछि त झनै हाम्रा नेता त विदेशी दलाल नै बनेका छन् । विदेशीकै इसारामा चलिरहने । पहिले पहिले कम्युनिष्टहरुले नेपाली काँग्रेसलाई भारतिय दलालहरु भन्थे । अहिले आएर भारतिय दलालहरु त कम्युनिष्टहरु नै भएका छन् । भारतलाई त के भयो र जसरी भए पनि फाइदा लिनु हो ।

२०७२ साल पछि हो भारतसँग ओलीको सम्बन्ध चिसिएको । गुप्तचर पकडमा सबै भन्दा बलियो पकड ओलीको नै हो । नेपालमा नयाँ सविधान जन्म भएपछि भारतिय राजनीतिमा ओलीको सम्बन्धमा बादल लाग्यो । त्यसै गरी दाहाल पहिलो पटक सत्ताच्युत हुँदा भारतिय राजनैतिकको प्रभावका कारण भएपछि भारतसँग दुश्मन भन्दा दोस्ती बढी हुनु पर्दो रहेछ भन्ने चेत दाहलमा पुग्यो ।

हुन त जनयुद्धका समयमा भारत मै आश्रय लिएका दाहाल आफु दिल्ली बसेर यहाँ तलका कार्यकर्तालाई भारतसँग लडाइ लडन सुरुङ खन्न लगाउने दाहल नै हुन अहिले भारतसँग निकट भएर सत्ता हात पार्ने नेताहरुमा होडवाजी चलेको छ । त्यसका लागि काँग्रेसको शेखर कोइराला खेमाले सघाउने पनि सपना देखेका छन् । दाहल सत्ताबाट बाहिरीनुको मुख्य कारण अमेरिका पनि हो । अमेरिकाको साथ र सहयोगका कारण ओलीको पछिल्लो पटक सत्ता रोहण भएको हो । त्यो वातावरण बनाउने भुटानी शरणार्थी काण्डबाट सुनपानीले चोख्याइकी आरजू राणा हुन् । भारतलाई नेपालमा चिनको दवदवा बढ्दा हनहनी ज्वरो आउने भएका कारण ओली कार्ड चिनतर्फ फ्याकिए । रवि लामिछाने शहकारी प्रकरणमा समातिनु पनि कारण अमेरिकाको दवाव हो । अमेरिकी प्रभावमा बनेको गठबन्धनलाई दाहालले ध्वस्त पार्न खोजेका छन् । त्यसलाई शेखर समुहले भित्रबाट मन पराएका छैनन् । हुनत देउवा पनि अमेरिका कै एजेन्ट हुन् । देउवालाई नेपालको राजनैतिक देखी पार्टीबाट समेत देउवाको शक्ति क्षिण गराउन शेखर समुह बल गरेर लाग्नु स्वाभाविक भएका कारण शेखरले दाहाललाई कार्ड फ्याकेको सत्य सावित हुन सक्ने छ । कोइराला परिवारमा शुसिल बाहेक भारतिय राजनैतिकमा सबैको राम्रो प्रभाव छ । भारत स्वतन्त्र हुनुमा विराटनगरका कोइराला परिवारको योगदान भएका कारण भारतियहरुले यसलाई गुनका रुपमा बुझ्ने गरेका छन् ।

*हुन त जनयुद्धका समयमा भारत मै आश्रय लिएका दाहाल आफु दिल्ली बसेर यहाँ तलका कार्यकर्तालाई भारतसँग लडाइ लडन सुरुङ खन्न लगाउने दाहल नै हुन अहिले भारतसँग निकट भएर सत्ता हात पार्ने नेताहरुमा होडवाजी चलेको छ । त्यसका लागि काँग्रेसको शेखर कोइराला खेमाले सघाउने पनि सपना देखेका छन् । दाहल सत्ताबाट बाहिरिनुको मुख्य कारण अमेरिका पनि हो । अमेरिकाको साथ र सहयोगका कारण ओलीको पछिल्लो पटक सत्ता रोहण भएको हो । त्यो वातावरण बनाउने भुटानी शरणार्थी काण्डबाट सुनपानीले चोख्याइकी आरजू राणा हुन् । भारतलाई नेपालमा चिनको दवदवा बढ्दा हनहनी ज्वरो आउने भएका कारण ओली कार्ड चिनतर्फ फ्याकिए । रवि लामिछाने शहकारी प्रकरणमा समातिनु पनि कारण अमेरिकाको दवाव हो । अमेरिकी प्रभावमा बनेको गठबन्धनलाई दाहालले ध्वस्त पार्न खोजेका छन् । त्यसलाई शेखर समुहले भित्रबाट मन पराएका छैनन् । हुनत देउवा पनि अमेरिका कै एजेन्ट हुन् । देउवालाई नेपालको राजनैतिक देखी पार्टीबाट समेत देउवाको शक्ति क्षिण गराउन शेखर समुह बल गरेर लाग्नु स्वाभाविक भएका कारण शेखरले दाहाललाई कार्ड फ्याकेको सत्य सावित हुन सक्ने छ । कोइराला परिवारमा शुसिल बाहेक भारतिय राजनैतिकमा सबैको राम्रो प्रभाव छ । भारत स्वतन्त्र हुनुमा विराटनगरका कोइराला परिवारको योगदान भएका कारण भारतियहरुले यसलाई गुनका रुपमा बुझ्ने गरेका छन् ।*

ओलि चिनको भ्रमणबाट फर्किएपछि सत्ता परिवर्तन हुने लक्षण पनि हो । राजनीति गर्नेको लागि राष्ट्र र जनताको सेवा भन्दा सत्ता नै ठूलो रहेछ । जनताहरुले सिटामेल नपाएर मर्नु परिरहेको छ भएको बेलामा नेता भने सत्ताकै लागि लुचाचुडी छ । २०७२ सालको भुकम्प पिडीतहरु आकास छानो बनाएर बस्न बाध्य भएका छन् । बाढी पिडीतहरुको पनि त्यस्तै हाल छ । युवाहरु अब देश मै छैनन् भने पनि हुन्छ । त्यसतर्फ तिनीहरुको चिन्ता छैन । चिन्ता छ त सत्ताको खेल अब कसका गोजीमा पर्ने हो । अब सत्ता पनि विदेशी कै इसारामा चल्ने भयो । हुन त ओलीलाई भारतिय राजनैतिक दलका नेताले कहिल्यै मन पराएनन् । उनको पकड सधैव गुप्तचर रअसँग मात्र भयो । त्यसले गर्दा कलापानी, लिपुलेकलाई समेटेर नेपालको नक्शा त बनाए । कायम पनि गराए कागजमा मात्र पाठ्यक्रम पुस्तकमा प्रकाशनका सवालमा रअले संकेत गरेपछि पाठ्यपुस्तकमा प्रकाशन भए पनि सार्वजनिक हुन पाएन । समग्रमा राष्ट्रियताको सवालमा ओली बलियो नै हो । भारत सधैव आफ्नो प्रभावमा राख्न खोजेको राष्ट्र हो । २००७ साल अगाडि नै भारतले नेपाललाई आफ्नो प्रभावमा राख्या हो । भारतले यसो गर्नु स्वाभाविक नै हो तर त्यसलाई कुल देउता ठान्ने र मान्ने नै खराब नै हुन । नेपाल भू-परिवेष्ठित मुलुक भएका कारण व्यापार पारवहनका सवालमा लचक हुनु पर्ने बाध्यता अवस्थालाई गलत तरिकाले भारतले उपयोग गरिरहेको छ । यस कारणले पनि चिनसँग व्यापार पारवहनको सवालमा जल मार्गलाई भन्दा स्थल मार्गलाई बढी प्राथमिकता दिनु पर्ने अबको आवश्यकता हो । एमसिसीसँगसगैं विआर आई पनि कार्यान्वयन हुने हो की ? भन्ने भय भारतलाई छ । पुष्पकमल दाहाल भारतलाई नजिक बनाई चिनलाई टाढा राखेर सत्तामा पुग्ने खेल हो । दाहालको अन्तर्वार्ता सत्तामा जाने लिस्नो बनाउन सक्ने बलियो सम्भावना देखिन्छ तर त्यसो भएमा नेपालका राजनैतिक वातावरण प्रदुषित हुने हो ।***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । | **तुला** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । |
| **वृष** : मिष्ठान्न भोजनको अवसर मिल्ने छ । धार्मिक कार्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : मित्रसँग भेटघाट हुनेछ । साथै सफल यात्राका योगपनि देखिन्छन् । |
| **मिथुन** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर बढ्नेछ । | **धनु** : नजिकको व्यक्तिबाट सहयोग पाईनेछ । शुभ समाचार सुन्न पाइनेछ । |
| **कर्कट** : विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । हिम्मत बढ्नेछ । | **मकर** : गरेका कामबाट राम्रै लाभ हुने छ । दैनिक कार्यहरूमा प्रगति नै हुनेछ । |
| **सिंह** : मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । आँटिको र ताकेको कार्य पुरा होला । |
| **कन्या** : जोश, जाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । | **मीन** : धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक प्रतिष्ठा प्राप्त होला । |

# विज्ञान/सूचना प्रविधि

## अन्तरिक्षमा तीव्र गतिमा घट्दैछ सुनिताको तौल ?




भारतीय मूलकी अमेरिकी अन्तरिक्ष यात्री सुनिता विलियम्स र ब्यारी विल्मोर बुच ८ दिनका लागि भनेर अन्तरिक्षमा गएका थिए । तर उनीहरूको यो बसाई केही दिन वा हप्ता मात्रै होइन महिनौँसम्म लम्बियो । अब सन् २०२५ को फेब्रुअरीमा मात्रै अमेरिकी अन्तरिक्ष एजेन्सी नासाका यी दुई अन्तरिक्ष यात्री पृथ्वीमा फर्कनेछन् । दुवै अन्तरिक्ष यात्री अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन ( आईएसएस) मा आफ्ना दिनहरू बिताइरहेका छन् । यसैबिच सुनिताको एउटा फोटो भाइरल बनेपछि उनको स्वास्थ्य अवस्थाबारे अनेकौं अड्कलबाजी र अफवाह चलेको थियो । यस विषयमा सुनिताले जवाफ दिएकी छिन् । सार्वजनिक भएको तस्बिरमा उनी निकै पातली दुब्ली देखिएपछि उनको स्वास्थ्य अवस्था खस्किएको हल्ला चलेको थियो । तौल घटेको अफवाहबिच सुनिताले नासासँग कुरा गरेकी छिन् ।

'मलाई लाग्छ कि मेरो तौल उस्तै छ, तर शरीरमा केही परिवर्तन आएको छ ।' नासाले सन् २०२४ को जुनमा मा ८ दिनका लागि सुनिता र बुचलाई आइएसएसमा पठाएको थियो । नासासँगको कुराकानीमा सुनिताले आईएसएसमा अनेक परिवर्तन हुने बताइन् । उनले भने- 'मेरो तौल घटिरहेको भन्ने अफवाह छ । तर मेरो तौल जति थियो, त्यति नै छ । यहाँ पनि हामी आफ्नो तौल नाप्छौँ । मेरो अनि बुचको तौल उति नै छ, जति हामी यहाँ आउँदा थियो' उनले भनिन् । पाँच महिनादेखि छन् अन्तरिक्षमा सुनिता र बुच करिब पाँच महिनादेखि आईएसएसमा छन् । दुबै जनालाई लिएर गएको बोइङ स्टारलाइनरबाट हिलियम चुहिएको अनि केही थ्रस्टरमा खराबी देखिएपछि नासाले सोही यान ठिक पारेर दुबैलाई फर्काउन खोजेको थियो । तर यसमा कुनै सफलता हात नपरे पनि नासाले कुनै जोखिम मोल्न चाहेन । सो विमान सेप्टेम्बर ६ मा रित्तै पृथ्वीमा फर्किसकेको छ । यी दुईलाई ल्याउन अमेरिकी खर्बपति व्यापारी एलन मस्कको स्पेस एक्सको ड्र्यागन क्रु क्याप्सुल पठाइएको छ । यान आगामी वर्षको फेब्रुअरीमा पृथ्वीमा फर्किनेछ ।

*-रातोपाटी डटकम*

## नेपाल टेलिकमको सुन्धारा शाखामा 'मैना' रोबर्टबाट सेवा शुरु

नेपाल टेलिकमले सुन्धारा शाखामा आजदेखि मैना रोबर्टबाट सर्भिस डेलिभरी आरम्भ गरेको छ । टेलिकमले बलियो भेन्चर कम्पनीले निर्माण गरेको रोबर्टलाई आजदेखि प्रयोगमा ल्याएको हो । रोबर्टको नाम मैना राखिएको छ । रोबर्टले नेपाल टेलिकमले दिने सेवासुविधा र प्याकेजहरुको विषयमा ग्राहकहरुलाई जानकारी दिने नेपाल टेलिकम सुन्धारा शाखाका प्रमुख दिनेश पन्थीले बताए । उनले आज मैना रोबर्टको डेमो मात्रै शुरु गरिएको बताए । उनले सुन्धारा कार्यालयलाई नेपाल टेलिकमको उत्कृष्ट सेवा दिने कार्यालय बनाउने हिसावमा विभिन्न कार्यहरु शुरु गरेको पनि बताए । उनले सोही लक्ष्यअनुरुप रोबर्टबाट सर्भिस डेलिभरी सुविधा शुरु गरिएको बताए । उनले रोबर्टलाई ६ सय प्रश्नको तालिम गराएको बताए । उनले नेपाल टेलिकमले दिने सेवा सुविधा र प्याकेजहरुबारे मैना रोबर्टलाई तालिम गराउने बताए । उनले नेपाल टेलिकमले दिने सेवा सुविधा र कम्पनीका बारेमा ग्राहकहरुले रोबर्टसँग जिज्ञासा राख्नसक्ने बताए । उनले भने, 'सुन्धारा शाखाले आजदेखि नेपाल टेलिकमको सर्भिस भेलिभरीलाई रोबर्ट प्रणालीमा जाने उद्देश्यले आजदेखि मैना रोबर्टबाट डेमो शुरु गरेका छौं । रोबर्टबाट उत्कृष्ट कर्मचारी घोषणा र कार्यालयको विषयमा डेमो गर्ने कार्यक्रम भएको छ ।



सुन्धारा कार्यालयलाई नेपाल टेलिकमको उत्कृष्ट सेवा दिने कार्यालयको हिसाबमा विभिन्न कार्यहरु शुरु गरेका छौं । सुन्धारा कार्यालयमा बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म सर्भिस दिन्छौँ । बाहिर फिल्डमा पनि ७ देखि ७ बजेसम्म नै काम गर्छौं । शनिवार पनि खुला हुन्छ । सरकारी कम्पनीले दिने सेवा सुविधा राम्रो हुँदैन भन्ने बाहिर मानसिकतालाई हटाउने गरी काम गरिरहेको छ । रोबर्टलाई ६ सय प्रश्नको तालिम गराएका छौं । त्यो भन्दा बढी जानकारी पनि रोबर्टबाट लिन सकिन्छ । बिस्तारै नेपाल टेलिकमले दिने सेवा सुविधा र प्याकेजहरु निकालिन्छ । हरेक प्याकेज आउने बित्तिकै मैना रोबर्टलाई तालिम गराउँछौं । नेपाल टेलिकमले दिने सेवा सुविधा र कम्पनीका विषयमा मैना रोवर्डलाई सोध्न सकिन्छ ।' उनले सुन्धारा कार्यालयमा विहान ७ बजेदेखि बेलुका ७ बजेसम्म सर्भिस दिने गरेको बताए । उनले हरेक शनिवार पनि कार्यालय खुला हुने बताए। उनले सरकारी कम्पनीले दिने सेवा सुविधा राम्रो हुँदैन भन्ने मानसिकतालाई हटाउने गरी काम गरिरहेको बताए। उनले शाखाले कात्तिक महिनाको उत्कृष्ट कर्मचारीमा कपिल लामिछानेलाई घोषणा गरेको छ । *-इहिमालय टाइम्स डटकम*

## इन्स्टाग्राम पोस्टका 'लाइक्स'को संख्या कसरी लुकाउने ?

सोसल मिडिया प्लटफर्ममा आउने लाइकहरुले हाम्रो मस्तिष्कमा डोपामाइन हर्मोनको उत्सर्जन बढाउने विभिन्न अध्ययनहरुले देखाएका छन् । डोपामाइन हर्मोन आनन्दसँग सम्बन्धित छ र यसले हामीलाई खुसी तथा सन्तुष्टिको अनुभूति गराउँछ । त्यसैले हामीले आफुले सोसल मिडिया प्लाटफर्ममा गर्ने पोस्टहरुमा बढीभन्दा बढी लाइक आओस् भन्ने चाहन्छौं, जुन हाम्रो जीवनकै हिस्सा बनिसकेको छ । तर, यदि सोसल मिडियामा धेरै लाइक आएनन् भने हामीलाई दिक्क लाग्छ र हामी दु:खी बन्छौं । त्यसैले यस्तो अवस्थाबाट छुटकारा पाउनका लागि हामीले इन्स्टाग्रामका पोस्टमा आउने लाइकहरु लुकाउन सक्दछौं । तपाईंले आफ्नो इन्स्टाग्रामका कुनै पनि पोस्टमा आएका लाइक्सको संख्या लुकाउन सक्नुहुन्छ । पब्लिक र क्रिएटर अकाउन्टमा पनि यसरी लाइक्स लुकाउन सकिन्छ । साथै कुनै पोस्टमा आउने शेयरको संख्या पनि लुकाउन सकिन्छ । इन्स्टाग्राममा लाइक्सको संख्या लुकाउने प्रक्रिया निकै सरल छ । यसका लागि तपाईंले एउटा सामान्य सेटिंग्स परिवर्तन गरे पुग्दछ । तपाईंले वेब ब्राउजर, एन्ड्रोइड तथा आईओएस सबैमा यो सेटिंग्स राख्न सक्नुहुनछ ।



इन्स्टाग्राम पोस्टका लाइक्सको संख्या **कसरी लुकाउने ?**

Hide likes from existing posts

इन्स्टाग्राम पोस्ट तथा रील्सका लाइक्स संख्या नदेखिने बनाउने दुईवटा तरिका छन् । तपाईंले इन्स्टाग्राममा पोस्ट प्रकाशित गरिसकेपछि पनि लाइक्सको संख्या लुकाउन सक्ने मात्र होइन नयाँ पोस्ट गर्नुअघि नै उक्त सेटिंग्सलाई इनेबल गर्न सक्नुहुन्छ ।

**प्रकाशित भईसकेको पोस्टका लाइक्स संख्या लुकाउने तरिका :** फोनमा इन्स्टाग्राम खोल्नुहोस् र लाइकको संख्या लुकाउन चाहेको पोस्टमा जानुहोस्  सम्बन्धित पोस्टमा रहेको तिनवटा थोप्लोवाला मेन्युमा क्लिक गर्नुहोस् त्यसपछि ज्ष्मभ ष्पिभ अयगलत तय यतजभचक अप्सन छान्नुहोस् यति गरिसकेपछि उक्त पोष्टका लाइकको संख्या देखिन छाड्नेछ

**नयाँ पोस्ट गर्दा लाइक लुकाउने तरिका :** Hide likes on Instagram जब तपाईंले इन्स्टाग्राममा नयाँ पोस्ट शेयर गर्दै हुनुहुन्छ, त्यसबेला पनि तपाईंले सुरुमै लाइकको संख्या लुकाउन सक्नुहुन्छ ।

यसका लागि : इन्स्टाग्राम खोल्नुहोस् र त्यसको Advanced settings मेन्यूमा रहेको Hide अयगलत लाई इनेबल गर्नुहोस् । यति गरिसकेपछि अब तपाई आफ्नो इन्स्टाग्रामका सामग्रीमा कति लाइक आउलान् भन्ने कुराको चिन्ता नगरिकनै इन्स्टाग्राममा रमाउन सक्नुहुनेछ ।

*-इहिमालय टाइम्स डटकम*

## चन्द्रमाको टाढाको भागमा भएको थियो ज्वालामुखी विस्फोट

हामीले देख्न सक्ने भागमा जस्तै चन्द्रमाको रहस्यमय टाढाको भागमा पनि अर्बौं वर्षअघि ज्वालामुद्री विस्फोट हुने गरेको नयाँ अनुसन्धानले पुष्टि गरेको छ । अन्वेषकहरूले चीनको चाङ्ग'ई-६ ले फिर्ता ल्याएको चन्द्रमाको माटोको विश्लेषण गरेका थिए । यो थोरै अन्वेषण गरिएको टाढाको छेउबाट चट्टान र माटो लिएर फर्केको पहिलो अन्तरिक्ष यान हो । दुई अलग-अलग टोलीले लगभग दुई अर्ब ८० करोड वर्ष पुराना ज्वालामुद्रीय चट्टानका टुक्राहरू फेला पारेका थिए । एउटा टुक्रा अझै पुरानो थियो । यसको उमेर चार अर्ब २० करोड वर्ष थियो । "यस क्षेत्रबाट नमुना प्राप्त गर्न साँच्चै महत्त्वपूर्ण छ किनकि यो त्यस्तो क्षेत्र हो जसको बारेमा हामीसँग कुनै तथ्यांक छैन," अनुसन्धानमा संलग्न नभएका एरिजोना विश्वविद्यालयका ग्रहीय ज्वालामुद्री विशेषज्ञ क्रिस्टोफर ह्यामिल्टनले भने । पृथ्वीबाट देद्रिने चन्द्रमाको नजिकको भागमा यस्तै समय अवधिमा सक्रिय ज्वालामुद्रीहरू थिए भन्ने वैज्ञानिकहरूलाई थाहा छ । नासाको लुनार रेकोनेसेन्स अर्बिटर लगायतका पूर्व अध्ययनहरूले टाढाको भागमा पनि ज्वालामुद्रीय इतिहास हुनसक्ने संकेत गरेका थिए । पृथ्वीबाट टाढा रहेको त्यस क्षेत्रबाट लिइएका पहिलो नमूनाहरूले सक्रिय इतिहासको पुष्टि गर्दछन् । यी नतिजाहरू शुक्रबार नेचर एन्ड साइन्स जर्नलमा प्रकाशित भएका थिए । चीनले चन्द्रमामा धेरै अन्तरिक्ष यान प्रक्षेपण गरेको छ । सन् २०२० मा चाङ्ग'ई-५ अन्तरिक्ष यानले नजिकको भागबाट चन्द्रमाका चट्टानहरू फिर्ता ल्याएको थियो । यो नासाका अपोलो



अन्तरिक्षयात्री र सोभियत संघका अन्तरिक्षयानले सन् १९७० को दशकमा संकलन गरेपछिको पहिलो थियो । चाङ्ग'ई-४ अन्तरिक्षयान सन् २०१९ मा चन्द्रमाको टाढाको भागमा पुग्ने पहिलो यान बनेको थियो । चन्द्रमाको टाढाको भाग क्रेटरहरूले भरिएको छ र नजिकैको समतल, अँध्यारो मैदानहरू लाभा प्रवाहद्वारा कुँदिएका छन् । अध्ययनका सह-लेद्रक चिनियाँ एकेडेमी अफ साइन्सेसका क्यु-ली लीका अनुसार यी दुई भाग किन यति फरक छन् भन्ने कुरा अझै रहस्य नै छ । लीका अनुसार नयाँ द्रोजहरूले चन्द्रमाको टाढाको भागमा एक अर्ब वर्षभन्दा बढी समयसम्म भएका ज्वालामुद्री विस्फोटहरूको जानकारी दिन्छन् । भविष्यको अनुसन्धानले यो गतिविधि कसरी यति लामो समयसम्म टिक्यो भन्ने कुरा निर्धारण गर्नेछ । *-रासस*

# आज विश्व शौचालय दिवस मनाइदैं




**पाल्पा,** मंसिर ३/आज विश्व शौचालय दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरेर मनाइँदै छ । संयुक्त राष्ट्र संघले १९ नोभेम्बरलाई विश्व शौचालय दिवसको रुपमा मनाउदै आएको छ । विश्वका सबै नागरिकहरुलाई सुरक्षित शौचालयको पहुँचमा पुर्याउने तथा विश्वमा स्वास्थ्य र सरसफाईको स्तर कायम गरी मानव जीवन सुरक्षित बनाउने उद्देश्यले विश्व शौचालय दिवस मनाउन थालिएको हो ।

संयुक्त राष्ट्र संघले सन् २०१३ देखि औपचारिक रुपमा १९ नोभेम्बरलाई विश्व शौचालय दिवसको मनाउन थालेको हो । राष्ट्र संघको महासभामा सिंगापुरले यो प्रस्ताव पेश गरेको थियो । त्यसयता राष्ट्र संघको यूएन वाटर भन्ने निकायले यस दिवस मनाउने कार्यको संयोजन गर्दै आएको छ । नेपालमा व्यवस्थित शौचालय नहुँदा सर्वसाधारणले अझै पनि समस्या भोग्नुपरेको छ । नेपालका धेरै जिल्ला खुला दिसामुक्त घोषण भए पनि कार्यान्वयमा यो लागू हुन सकेको छैन । मानव जीवनशैली र सरसफाइका लागि शौचालय आधारभूत तत्व हो । निजीका साथसाथै सार्वजनिक शौचालय हुनु व्यवस्थित सहरको उदाहरण पनि हो ।

सामान्यतया शौचालयलाई फोहोर ठाउँ भन्ने गरिन्छ । तर, शौचालय हामीलाई सफा र सुरक्षित राख्ने सहयोगी हो भनेर स्पष्ट पार्न जरुरी छ । सफा शौचालयको सहि प्रयोग सभ्य समाजको अभिन्न अंग मानिन्छ । नेपाललाई सन् २०३० सम्म खुला दिसामुक्त घोषणा गर्ने लक्ष्य राखेर कार्यक्रम अघि बढाइएपनि अझै पनि धैरै मानिसहरु शौचालयको पहुँच बाहिर छन् । तीब्र शहरीकरण र बढ्दो जनसंख्याका कारण सार्वजनिक शौचालयको आवश्यकता बढ्दो छ । शहरी तथा राजमार्गका व्यस्त चोकहरूमा भएका सार्वजनिक शौचालय पनि सरसफाइ एवं पूर्वाधारजन्य हिसाबले नाजुक अवस्थामा छन् । सुरक्षित शौचालयको अभावमा हुने फोहोरका कारण झाडापखाला लागेर हरेक वर्ष विश्वमा लाखौंको मृत्यु हुने गरेको छ ।

घरमा शौचालय हुनु र खुलास्थानमा दिशा पिशाब नगर्दैमा समेत सरसफाईको लक्ष्य हासिल हुँदैन । ढल प्रणालीमा नजोडिएका शौचालयमा जम्मा भएका दिशा र खोला नालामा निसृत गरिएका ढल हाम्रालागि ठूलो चुनौतिका विषय भएका छन् । देशभरका ७ सय ५३ पालिकाहरुमा ढल प्रशोधन र व्यवस्थापनको ठूलो चुनौती देखिएको छ । ढल प्रशोधन प्रणाली विकास र व्यवस्थापनका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने खाँचो छ ।

## लोकतान्त्रिक आन्दोलनका...

...त्यसैगरी स्वदेश र विदेशस्थित सबै सरकारी कार्यालयमा आधा झण्डा झुकाउने निर्णय पनि सरकारले गर्‍यो ।

**ढुंगानाप्रति पाल्पा काँग्रेसद्वारा श्रद्धाञ्जली व्यक्त**

नेपाली काँग्रेसका पाल्पाले पूर्वसभामुख ढुङ्गानाप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ ।

एक शोक वक्तव्य जारी गर्दै ढुंगानाको निधनको खवरले पाल्पा काँग्रेसलाई स्तब्ध बनाएको भन्दै मृतकप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ । 'पूर्वसभामुख दमननाथ ढुंगानाको निधनको खवरले नेपाली काँग्रेस जिल्ला कार्यसमिति पाल्पा शोक स्तब्ध भएको छ । नेपालको लोकतन्त्र, मानवअधिकार र न्याय क्षेत्रमा उहाँको योगदान महत्वपूर्ण थियो । उहाँको आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं' जिल्ला सभापति हिमालदत्त श्रेष्ठद्वारा जारी शोक वक्तव्य भनिएको छ ।

नेपालमा लोकतान्त्रिक व्यवस्था र गणतन्त्र स्थापनाका लागि भएका आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गरेका कानुन, न्याय, राजनीति, मानवअधिकार क्षेत्रका मुर्धन्य हस्ती पूर्व सभामुख, वरिष्ठ अधिवक्ता ढुंगानाको निधनले सिंगो देशलाई नै क्षति पुगेको सभापति श्रेष्ठले उल्लेख गरेका छन् ।

## आज मंगल...

...मंगलबार मंगल ग्रहले प्रतिनिधित्व गर्ने बार हो । त्यस्तै चतुर्थी तिथि भगवान गणेशजीको उत्पति भएको तिथिको रुपमा लिइन्छ । गणेशजी जन्मिएको दिन मंगलबार र चतुर्थी तिथिको संयोग परेकाले त्यस दिनलाई मंगल चौथी भनिएको हो । यसलाई 'मङ्गल चतुर्थी' र 'अङ्गारक चतुर्थी' पनि भन्ने गरिन्छ । यस्तो संयोगलाई गणेशको पूजाआराधना र प्रसन्नताका निम्ति अत्यन्त महत्वपूर्ण तिथिका रूपमा लिइएको छ । मंगल चौथीको दिन गणेश भगवानको स्मरण गर्दै व्रत बस्ने वैदिक सत्य सनातन हिन्दू धर्मावलम्बीहरुको परम्परा छ । यस दिन व्रत बसे सम्पूर्ण अनिष्टबाट बच्न सकिने, सन्तान प्राप्ति, विद्या, बुद्धि, काम शिद्ध हुने, मांगालिक योगको प्रभाव नहुने र मानसम्मान मिल्ने धनप्राप्ति गराउने गणेश पूराणमा उल्लेख छ । उनलाई बिघ्नहर्ताको रुपमा पनि लिइन्छ । त्यसैले कुनै पनि कार्यमा बाधा आइरहेको छ भने पनि उनको स्मरण गर्दै पूजाआराधाना र व्रत बस्दा समाधान हुने विश्वास रहिआएको छ । मंगलबार भगवानको व्रत बस्न इच्छुक व्रतालुले यस दिनबाट प्रारम्भ गरेमा शुभ हुने बताइएको छ । त्यति मात्र होइन, कुनै पनि शुभ कार्य यसै दिनबाट सुरु गर्दा फलदायी हुने विश्वास गरिन्छ ।

खेलकुद समाचार

## नेपाली टोलीले कर्नाटकलाई १ सय २१ रनले हरायो




**काठमाडौं,** मंसिर ३/१९ वर्षमुनिको नेपाली क्रिकेट टोलीले भारतको कर्नाटकको १९ वर्षमुनिको टोलीलाई तेस्रो खेलमा १ सय २१ रनले हराएको छ । नेपाली युवा टोलीले दिएको २ सय ८३ रनको लक्ष्य पछ्याएको कर्नाटकको टोली ४० ओभर २ बलमा १ सय ६१ रनमा अलआउट भयो । कर्नाटकका गगन रावले सबैभन्दा धेरै ४६ रन बनाए । नेपालका नरेन साउदले ४, युवराज खत्रीले ३ विकेट लिए । यसअघि मूलपानी क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले ५० ओभरमा ६ विकेट गुमाएर २ सय ८२ रन बनायो । नेपालकातीन जना खेलाडीले अर्धशतक बनाए । रोशन बिकेले नटआउट ८१, मयन यादवले ५८ र उत्तम थापा मगरले ५२ रन बनाए । कर्नाटकका लोहिथ र वासुले २/२ विकेट लिए । योसँगै पाँच खेलको शृङ्खलामा नेपालले अग्रता लिएको छ । पहिलो खेलमा कर्नाटक विजयी भएको थियो भने भने दोस्रो खेल नेपालले जितेको थियो । नेपाली युवा टोलीले एशिया कपअघिको अन्तिम तयारी स्वरूप कर्नाटकको टोलीसँग ५० ओभरको पाँच वटा अभ्यास खेल खेलिरहेको हो । यो अभ्यास खेलपछि नेपाली युवा टोली एशिया कपका लागि यूएई जानेछ ।

वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## देशभरका मालपोत कार्यालयले उठाए दुई अर्ब ७० करोड राजस्व




**काठमाडौं,** मंसिर ३/देशभरका मालपोत कार्यालयले गत कात्तिक महिनामा दुई अर्ब ७० करोड ४० लाख ४६ हजार छ सय ४५ बराबरको राजश्व संकलन गरेका छन् । घर जग्गाको कारोबारमा अपेक्षित रुपमा सुधार आउन नसकेको कारोबार तथा राजश्व संकलनको प्रवृत्तिले देखाएको छ ।

असोज महिनाको तुलनामा कात्तिकमा राजस्व संकलनमा गिरावट आएको हो । असोजमा तीन अर्ब आठ करोड १२ लाख ४१ हजार चार सय ८१ बराबरको राजश्व सङ्कलन भएको थियो । भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार चाड पर्वलगायतका कारणले गत असोजको तुलनामा कात्तिकमा राजस्व सङ्कलनमा कमी आएको हो । विभागका अनुसार, काठमाडौं उपत्यकाभित्रका नौ वटा मालपोत कार्यालयहरुमध्ये सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय लगनखेलले २४ करोड ५७ लाख ५४ हजार आठ सय ५८ बराबर राजस्व सङ्कलन गरेको छ । मालपोत कार्यालय गोटीखेल ललितपुरले रु चार लाख ६७ हजार सात सय २०, भक्तपुरले रु १७ करोड ६९ लाख २३ हजार छ सय ४५, डिल्लीबजारले रु १५ करोड ७७ लाख २० हजार पाँच सय ४५ बराबरको राजस्व सङ्कलन गरेको छ । विभागका अनुसार मालपोत कार्यालय चाबहिलले रु २१ करोड ४२ लाख ४६ हजार नौ सय ९२, कलङ्की मालपोत कार्यालयले रु १७ करोड आठ लाख ४४ हजार सात सय ५१, साँखु कार्यालयले रु चार करोड ७९ लाख ५४ हजार नौ सय ४२, मनमैजु कार्यालयले रु पाँच करोड ५० लाख ९३ हजार छ सय ३२, टोखा कार्यालयले रु तीन करोड ५७ लाख २७ हजार छ सय ६५ बराबरको राजस्व सङ्कलन गरेको छ । मुलुकभर एक सय ३३ मालपोत कार्यालय छन् । ती कार्यालयले रु १७ करोड ७८ लाख ३८ हजार चार सय ६६ बराबरको सेवा कर उठाएको छ । यस्तै, रजिष्ट्रेशन शुल्क रु एक अर्ब ८२ करोड ९५ लाख ३० हजार एक सय ३१, पूँजीगत लाभकर रु ९३ करोड ७७ लाख ९१ हजार आठ सय २० सङ्कलन गरेको छ । विभागका अनुसार गत साउनमा रु तीन अर्ब ८३ करोड ५० लाख ८२ हजार आठ सय ८५, भदौमा तीन अर्ब नौ करोड दुई लाख ५९ हजार एक सय ५२ बराबरको राजस्व सङ्कलन भएको थियो । *-रासस*

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई